# बर्जु गाउँपालिका

# आ.व. २०७५।०७६ को पाचौं कार्यपालिका बैठक

मिति : २०७५।०९।१९

**प्रस्तावहरु :**

**१. कर्मचारी समायोजन सम्बन्धमा ।**

**२. वडा कार्यालय कार्यक्रम तथा योजना संसोधन सम्बन्धमा ।**

**३. समाजिक परिचालकको नियुक्ती सम्बन्धमा**

**४. सवारी साधन ( चारपांग्रे गाडी ) खरिद गर्ने सम्बन्धमा ।**

**५. DPR को रिपोर्ट पूर्वाधार विकास कार्यालय पठाउने सम्बन्धमा ।**

**६. स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमको योजना संसोधन गर्ने सम्बन्धमा ।**

**७. बर्जु गाउँपालिकाको आवश्यक कानुन निर्माण सम्बन्धमा ।**

**८. तराई मधेश सम्वृद्धि योजना संचालन सम्बन्धमा ।**

**९. विपदमा परेको घर परिवारलाई राहत एवं आर्थिक सहयोग गर्ने सम्बन्धमा ।**

**१०. बिविध**

आज मिति २०७५ साल पौष १९ गते बिहिबारका दिन यस वर्जु गाउँपालिकाको अध्यक्ष श्री रधुन्नदन चौधरी ज्यूको अध्यक्षतामा बैठक बसी प्रस्तुत प्रस्तावहरुमा छलफल भई निम्न निर्णयमा पुगीयो ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ मा छलफल गर्दा साविक स्थानिय निकायमा कार्यरत रहेका स्थानिय तहका स्थायी कर्मचारीहरुलाई संघियमा मिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २५ को पत्रानुसार मिति २०७५।०९।०३ मा कर्मचारि समायोजन अध्यादेश २०७५ को दफा ६ उपदफा ४ बमोजिम समायोजन गरिएको हुदा सो निर्णय लाई अनुमोदन गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ मा छलफल गर्दा आ.व. २०७५।७६ को लागि दोस्रो गाउँ सभाबाट स्वीकृत अनुशुची १ मा उल्लेखित तपशिलका वडा का तपशिलका योजना हरु बिबिध कारण बस सन्चालन हुन  नसक्ने भएकोल उक्त योजनाहरुको लाई संसोधन गरी निम्न अनुसारका योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं : ३**

प्रस्ताव नं. ३ मा छलफल गर्दा LGCDP कार्यक्रम अन्तरगत साविक जिल्ला बिकास समिति सुनसरी बाट नियुक्ती पाई साविकमा कार्यरत रहेका चार जना समाजिक परिचालक हरुलाई २०७५ माघ १ गते देखि २०७६ असाढ मसान्त सम्म को लागि गाउँपालिका बाट सेवा करारमा लिने निर्णय गरियो ।

**निर्णय नं : ४**

प्रस्ताव नं.४ मा छलफल गर्दा यस बर्जु गाउँपालिकाको लागि २ वटा चारपांग्रे गाडी खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं : ५**

प्रस्ताव नं. ५ मा छलफल गर्दा गाउँपालिका बाट निमार्ण भएका म्एच प्रतिवेदन हरु कार्यपालिका बाट स्वीकृत गरीयो र उक्त रिपोर्ट हरु पूवाधार बिकास कार्यालय लगायत सम्बनधित निकाय हरुमा बुझाउने निर्णय गरियो ।

**निर्णय नं : ६**

प्रस्ताव नं. ६ मा छलफल गर्दा स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत बर्जु गा.पा.वडा नं.१ देखि वडा नं.१ देखि वडा नं.६ सम्म सौर्य वत्ति जडान कार्यक्रम तथा बजेट स्वीकृत भएकोमा उक्त सौर्य सडक वत्ति त्यति प्रभावकारी हुन नसक्ने भएकोले सो को सटटा सडक पोल वत्ति जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं : ७**

निर्णय नं.७ मा छलफल गर्दा गाउँपालिकाका लागि आवस्यक कानुन निमार्णका लागि परामर्श दाता बाट कानुनको मसौदा पेश भए पछि अन्तिम निर्णयको लागि अर्को वैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं : ८**

निर्णय नं.८ मा छलफल गर्दा तराई मधेश सम्वृद्धि योजना अन्तर्गत यस बर्जु गाउँपालिका का लागी स्वीकृत कार्यक्रमहरु लाई तपसील अनुसार संचालन गर्ने निर्णय गरियो ।

१. बर्जु ३ ने.रा.शिव मा.वि बिद्यालय भवन ....................उपभोक्ता समिति मार्फत

२. बर्जु  ३ भारतको सिमाना दमडी उत्तर पुर्व राय टोलको २ र १ हुदै दुहवी वडा नं. १२ को सिमाना सम्म कालो पत्र ........................ ठेक्का मार्फत

३. बर्जु ३ को पुरानो खडहि टोल उत्तर पुर्व दुर्गा मन्दिर हुदै गुजेलाल टोल बर्जु वडा नं. ४ को सिमाना सम्म .......................... ठेक्का मार्फत

**निर्णय नं : ९**

निर्णय नं.९ मा छलफल गर्दा यस गाउँपालिका भित्र आईपर्न सक्ने विपद अन्तर्गत आगलागी वाट प्रभावितहरुको लागी तपसील अनुसार तत्काल राहत उपलब्ध गराउने निर्णय गरियो ।

१. सामान्य क्षतीमा तत्काल वडा अध्यक्षहरुले २४ घण्टा भीत्र ५०००। सम्म दिने ।

२. कसैको मुलघर आगलागि वाट नष्ट भएमा रु १५०००। क्षतीपुर्ती दिने ।

३. पुर्ण क्षति भएमा २५०००। साथै मानवीय क्षति भएमा रु २५०००। थप रकम गा.पा. बाट क्षतिपुर्ति उपलब्ध गराउने निर्णय गरियो ।